राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २५ २०८२ साउन २८ गते बुधवार (13 Aug. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## जनकपुरधाममा पत्रकार महासंघ र बार एशोसिएशनबीच जग्गा विवाद, चार पत्रकार घाइते

दैनिक समाचारदाता

जनकपुरधाम, २७ साउन । गुठी संस्थानबाट नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले लिजमा लिएको जग्गामा नेपाल बार एशोसिएशनले हस्तक्षेप गरेपछि विवाद चर्किएको छ । विवादको क्रममा कुटाकुट हुँदा चार जना पत्रकार घाइते भएका छन् । घाइतेको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा भइरहेको महासंघले जनाएको छ ।

जनकपुरधाम उपमहानगरपालिका(४, स्मशानघाट नजिकैको करिब चार का जग्गा पत्रकार महासंघले २० वर्षका लागि लिजमा लिएको हो । यसबापत वार्षिक तीन लाख एक हजार रुपैयाँ बुझाउने सम्झौता भएको छ ।

महासंघका प्रदेश अध्यक्ष श्याम बंजाराका अनुसार कानुनी सम्पूर्ण प्रक्रिया पूरा गरेर गुठीसँग सम्झौता गरिएको हो । उनले भने, "सम्झौता र सबै कागजात हाम्रो नाममा छन्, तर बार एशोसिएशनले 'पार्किङ स्थल' भनेर बोर्ड झुण्ड्याई सवारीसाधन राख्दै आएको छ । यसबारे पत्रकार सम्मेलन गरिसकेपछि केही अधिवक्ताले पत्रकारलाई धम्की दिँदै आक्रमण गरे, जसमा हामीसहित





साथीहरू घाइते भयौं ।"

अध्यक्ष बंजाराले थपे, "हामीले वार एशोसिएशनलाई पछाडितिर रहेको तीन का जग्गा गुठीसँग लिएर बाटो दिन तयार छौं भन्ने प्रस्ताव राखेका थियौं । तर सो दिनमै उनीहरूले सर्वोच्च अदालतमा मुद्दा दायर गरेको थाहा पायौं ।"

मंगलवार, जग्गास्थलमै पत्रकार सम्मेलन गरी तारबार लगाउने क्रममा विवाद पुनः चर्किएको अध्यक्ष बंजाराले बताए । उनका अनुसार, "हामी संख्यामा थोरै थियौं । उनीहरूको आक्रमणबाट पत्रकार दिवाकर साह, महासंघका महासचिव शैलेन्द्र महतो 'क्रान्ति'सहित करिब आधा दर्जन घाइते भए ।"

महासंघले बार एशोसिएशनमाथि गुठी संस्थानबाट प्राप्त जग्गा बलपूर्वक कब्जा गर्ने प्रयास गरेको आरोप लगाएको छ । महासचिव महतोले भने, "बारका केही व्यक्तिको यस्तो कदम दुर्भाग्यपूर्ण र गैरकानुनी हो । हिंसात्मक व्यवहार निन्दनीय छ । हामी कुनै अवैधानिक कार्यको पक्षमा छैनौं ।"

यस विवादले पेशागत मर्यादा, कानुनी प्रक्रिया र सार्वजनिक सम्पत्तिको प्रयोगबारे बहसलाई पुनः सतहमा ल्याएको छ । स्थानीयले दुवै पक्षलाई संवादमार्फत समाधान खोज्न आग्रह गरेका छन् ।

यता, नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयले विज्ञप्ति जारी गर्दै घटनाप्रति आपत्ति जनाएको छ । महासचिव रामप्रसाद दहालका अनुसार साउन २७ गते तारबार लगाउने क्रममा बारका जिल्ला अध्यक्ष विमल मिश्र नेतृत्वको समूहले महासंघका प्रदेश अध्यक्ष बंजारासहित उपाध्यक्ष ज्योति झा, महासचिव महतो, पत्रकार साह, विनिता यादवलगायतलाई आक्रमण गरेको हो । कुटपिटबाट महासचिव महतोको खुट्टा भाँचिएको र पत्रकार साहको टाउकोमा गम्भीर चोट लागेको महासंघले जनाएको छ । महासंघले घाइते पत्रकारको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै प्रेस स्वतन्त्रतामाथिको आक्रमणको कडा निन्दा र भर्त्सना गरेको छ ।

महासंघका अनुसार, आक्रमणका क्रममा "अदालत हाम्रो गोजीमा छ, हामी जे भन्छौं त्यही हुन्छ" भन्ने अभिव्यक्ति दिइएको थियो, जुन प्रेस स्वतन्त्रतामाथि ठाडो हस्तक्षेप हो ।

महासंघले आक्रमणमा संलग्न व्यक्तिलाई तत्काल कानुनी कारबाही गर्न, घाइते पत्रकारको उपचारको व्यवस्था गर्न र यस्ता घटना दोहोरिन नदिन सम्बन्धित निकायसँग जोडदार माग गरेको छ ।

## पर्सामा कैदीको मृत्युपछि आफन्तको प्रदर्शन



दैनिक समाचारदाता

पर्सा, २७ साउन । पर्सा जिल्लामा एक कैदीको मृत्यु भएपछि उनका आफन्तले नारायणी उपक्षेत्रीय अस्पताल अगाडि प्रदर्शन गरेका छन्।कर्तव्य ज्यानको मुद्दामा दोषी ठहर भई २५ वर्ष कैद सजाय भोगिरहेका २८ वर्षीय राहुल साहको मंगलबार बिहान मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख एसपी गौतम मिश्रका अनुसार साह बिहान व्यायाम गर्ने क्रममा वान्ता गर्दै एक्कासी बेहोस भएका थिए। तत्काल अस्पताल पुऱ्याइए पनि उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। मृतकका आफन्तले भने कारागार प्रशासनको लापरबाहीका कारण राहुलको ज्यान गएको आरोप लगाउँदै नारायणी उपक्षेत्रीय अस्पताल अगाडि टायर बालेर प्रदर्शन गरेका छन्। अहिले प्रहरी र आफन्तबीच वार्ता भइरहेको एसपी मिश्रले जानकारी दिए।

## भूमि विधेयकमाथिको छलफल स्थगित



दैनिक समाचारदाता

काठमाडौं २७ साउन । प्रतिनिधि सभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा आज हुने भनिएको भूमि विधेयक माथिको छलफल स्थगित भएको छ ।

बिहान १० बजे भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन विधेयकको प्रतिवेदनमाथि छलफल गर्न बैठक राखिएको थियो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले विधेयकको मस्यौदा तयार पारेका थिए । उक्त विधेयकको मस्यौदा यसअघि नै समिति सदस्यहरूलाई वितरण गरिसकिएको छ ।

कतिपय सांसदहरूले मन्त्रालयले विधेयकको मस्यौदा तयार पारेको भनेर समेत असन्तुष्टि जनाएका थिए । यही बेला आज बस्ने भनिएको बैठक स्थगित भएको हो ।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सदस्य शान्ति विकले बुधबार समितिको बैठक बस्ने तयारी रहेको जानकारी दिइन् ।

समितिका अर्का सदस्य अशोक कुमार चौधरीले प्राप्त मस्यौदाउपर समितिको आन्तरिक छलफल हुनै बाँकी रहेको बताए ।

## नेता अनिलकुमार झाको राजीनामा

दैनिक समाचारदाता


जनकपुरधाम २७ साउन । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का वरिष्ठ नेता अनिलकुमार झाले पार्टीबाट राजीनामा दिएका छन् ।

वरिष्ठ नेताको पदमा रहेका झाले करिब एक महिना अघि पार्टी अध्यक्ष महन्थ ठाकुरलाई राजीनामा बुझाएको र सो राजीनामा स्वीकृत भइसकेको अध्यक्ष निकट नेता सुरेन्द्र झाले जानकारी दिए ।

लामो समयदेखि पार्टी गतिविधिमा निष्क्रिय रहेका झा बैठकमा समेत सहभागी हुन छाडेका थिए। लोसपा नेता रामप्रकाश चौधरीका अनुसार झा पाँच-छ महिनादेखि पार्टी बैठकमा देखिएका छैनन्। उनले भने, "औपचारिक रूपमा उहाँले पार्टी छाडेको जानकारी मलाई छैन, पार्टीलाई जानकारी नभएकाले मलाई पनि थाहा भएन।" २०७४ सालको प्रतिनिधि सभा चुनावमा रौतहट-१ बाट प्रत्यक्ष निर्वाचित भएका झा त्यसबेला खानेपानी मन्त्रीसमेत बनेका थिए। तर २०७९ को निर्वाचनमा उनी पराजित भएका थिए।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# जनकपुरधामको होटल संकट र नीतिगत दिशाहीनता

धार्मिक, ऐतिहासिक र पर्यटकीय सम्भावनाले भरिपूर्ण जनकपुरधाम पछिल्ला वर्षमा होटल व्यवसायको केन्द्र बन्दै आएको छ। मधेश प्रदेशको राजधानीको रूपमा भौगोलिक र सांस्कृतिक महत्व बोकेको यस शहरमा आज दुई सयभन्दा बढी होटल सञ्चालनमा छन्। करिब १५ अर्ब रुपैयाँको लगानी र पाँच हजारभन्दा बढी रोजगारीको आधार बनेको यो क्षेत्रमा, विडम्बना के छ भने, उत्साहभन्दा बढी निराशा हावी छ।

धार्मिक पर्यटनको सम्भावनाले आकर्षित भई वर्षेनी नयाँ होटल खुलिरहेका छन्। तर बजारको दायरा फराकिलो नहुनु, आर्थिक गतिविधि कमजोर रहनु र व्यवस्थापकीय योजना अभावका कारण लगानीकर्ताले अपेक्षित प्रतिफल पाउन सकेका छैनन्। होटल सञ्चालक संघ र उद्योग वाणिज्य संघका प्रतिनिधिहरूको धारणा एउटै छ–संरचना छ, सम्भावना छ, तर राज्यको सक्रियता छैन।

अर्थतन्त्रमा मन्दी, कोरोना महामारीको चोट, बैंकको चर्को ब्याजदर, संघीय सरकारले लगाएको करको बोझ, भन्सार नाकामा पर्यटनमैत्री संरचना अभाव, सूचना केन्द्र र गन्तव्य पहिचानको कमी–यी सबै कारणहरूले गर्दा होटल व्यवसाय स्थिरता पाउन सकिरहेको छैन। पर्यटक बढ्दै छन्, तर उनीहरूलाई लामो समय बस्न र खर्च गर्न प्रोत्साहन दिने पूर्वाधार विकास भएको छैन।

जनकपुरधामको सडक, हवाई र रेल सम्पर्कका सम्भावनाहरू अब वास्तविकतामा रूपान्तरण गर्न ढिला गर्नु हुँदैन। पर्यटकीय स्थलहरूको व्यापक प्रचार-प्रसार, टूर प्याकेज निर्माण, सांस्कृतिक महोत्सवको आयोजना, र धार्मिक यात्रासँगै स्थानीय बजार तथा हस्तकला प्रवर्द्धनमा जोड दिइनुपर्छ। तीनै तहका सरकारबीच तालमेल गरी यहाँको होटल उद्योगलाई मात्र होइन, सम्पूर्ण पर्यटन क्षेत्रलाई नीतिगत सुरक्षा दिन जरुरी छ।

जनकपुरधाममा होटल व्यवसाय केवल निजी लगानीकर्ताको साहसको परिणाम हो; तर यो साहसलाई टेवा दिने वातावरण निर्माण नगरेसम्म यो उद्योग ओरालो लाग्ने खतरा टर्दैन। धार्मिक आस्थाको केन्द्रलाई आर्थिक केन्द्रमा परिणत गर्न सरकारले समयमै निर्णयात्मक कदम चाल्नै पर्छ–नत्र, यहाँको 'पर्यटन राजधानी' बन्ने सपना केवल नारामा सीमित हुनेछ।

## अन्तरराष्ट्रिय युवा दिवसः

# युवालाई रोजगारी र उद्यमशीलताको आवश्यकता

**शरद् शर्मा**

विश्वभर साउन २७ गते (अगस्त १२) अन्तरराष्ट्रिय युवा दिवस मनाइँदैछ। राष्ट्रिय युवा परिषद्को आयोजनामा 'दिगो विकास र सुनौलो भविष्यको सारः स्थानीय युवाको सहभागितामा समृद्धिको आधार' भन्ने नाराका साथ नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाउन लागिएको छ। सरकारले यसरी बर्षेनि विभिन्न कार्यक्रम गरी युवा दिवस मनाउने थालेको २० वर्ष पुग्न थाल्यो। तर, सधैँ एउटै मात्र प्रश्न उठने गरेको छ, युवाको समस्या उद्यमशीलता र रोजगारी।

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले अहिले युवाको मुख्य समस्या भनेको उद्यमशीलता र रोजगारी रहेको बताउनुहुन्छ। "युवामा स्वदेशमा नै केही गर्ने हुटहुटी छ। उनीहरु उद्यमशीलता बन्न खोजिरहेका छन्," उहाँले भन्नुभयो, "सरकारले उद्यमशीलता बन्न सहयोग गरोस् भन्ने ती युवाको चाहना रहेको छ। त्यस्ता युवालाई सरकारले केही लगानी गरेर उद्यमशीलता बनाउनु पर्दछ।"

उहाँले युवाले अहिले गफ र भाषण नचाहेको भन्दै काम खोजिरहेको बताउनुभयो। सरकारले बजेटमा ल्याएका कार्यक्रमलाई कार्यान्वयन गरिदिए मात्र युवाको धेरै समस्या समाधान हुने उहाँको भनाइ रहेको छ। परिषद्का उपाध्यक्ष बस्नेतले राज्यले युवालाई सके रोजगार नभएर उद्यमशीलता बनाउनुपर्ने बताउनुहुन्छ। "वर्षमा करिब पाँच लाख युवा श्रम बजार आउने गर्दछन्। तर ती सबै युवालाई रोजगार दिन राज्यले सक्दैन," उहाँले भन्नुभयो, "रोजगारी दिन नसकेका युवालाई राज्यले उद्यमशीलता बनाउने हो।" करिब पाँच प्रतिशत मात्र स्वदेशमा रोजगारी पाउने अवस्था रहेको छ।

उहाँले सरकारले सहुलियपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि २०७५ लाई सही तरिकाले कार्यान्वयन गर्न सके मात्र धेरै युवा आफैँ उद्यमशील बन्ने बताउनुहुन्छ। उहाँले उक्त कार्यविधिअनुसार युवालाई ऋण पाउन पनि प्रक्रिया कठिन रहेको बताउनुभयो। उहाँले तीनवटै सरकारले युवा लक्षित सहुलियपूर्ण कर्जा ल्याएर युवालाई स्वदेशमा नै उद्यमशीलता बनाउन सकिने बताउनुभयो।

युवा दिवस मनाउनुको मूल उद्देश्य संविधानमा उल्लिखित युवासँग सम्बन्धित व्यवस्थालाई युवाको पक्षमा कार्यान्वयन गर्नु, युवा केन्द्रित राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानुनका सवालमा बहस पैरवी गर्नु र युवा लक्षित मुद्दाका सवालमा स्थानीय राष्ट्रिय तथा अन्तरराष्ट्रिय सचेतना अभिवृद्धि गर्नु हो।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवा (राष्ट्रिय नीतिअनुसार १६-४० वर्ष उमेरको जनसङ्ख्या ४२.५६ प्रतिशत अर्थात् एक करोड २४ लाख १२ हजार १७३ रहेको छ । निर्वाचन आयोगको तथ्याङ्कअनुसार स्थानीय तहमा ३९.६५ प्रतिशत, प्रदेश तहमा २३.६३ प्रतिशत र प्रतिनिधिसभामा १३.९ र राष्ट्रियसभामा ६.७७ प्रतिशत युवा सहभागिता रहेको छ।

नेपालको वर्तमान जनसाङ्ख्यिक संरचना हेर्दा युवा शक्तिको सङ्ख्या उच्च रहेको छ। यो जनशक्तिलाई उचित वातावरण दिनसके मात्र मान विकास र राष्ट्र निर्माणमा सकारात्मक गति हासिल गर्न सकिन्छ। देशभित्र युवाको क्षमता परिचालन गर्न कृषि, पर्यटन, जलस्रोत, सूचना प्रविधि र सेवा व्यवसायजस्ता क्षेत्रमा युवालाई परिचालन गर्नु आवश्यक छ। राष्ट्रिय युवा सङ्घ नेपालका अध्यक्ष क्षितिज थेवे अहिले युवाको समस्या रोजगारी र उद्यमशीलता रहेको बताउनुहुन्छ। उहाँले युवालाई रोजगारी दिन नसके पनि राज्यले उद्यमशीलता बनाउन सक्ने भन्दै युवामैत्री ल्याएका बजेट कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ छ। "युवालाई अहिले मुख्य रोजगारी चाहिएको छ। त्यसपछि उनीहरुलाई आफैँ केही गर्नसक्ने खालको उद्यमशीलता बन्न खोजिरहेका छन," उहाँले भन्नुभयो, "उद्यमशीलता बन्न खोज्ने युवालाई सरकारले सहयोग गर्नु पर्दछ।" युवा सङ्घका अध्यक्ष थेवेले आफ्नो सङ्गठनले तीन वर्षमा तीन लाख युवलाई उद्यमशीलता र ३० लाख जनालाई रोजगारी बनाउने अभियान चलाउन थालेको बताउनुहुन्छ।

पछिल्ला वर्षहरुमा खासगरी सूचना तथा सञ्चार प्रविधि, पर्यटन, कृषि र ई-कमर्सजस्ता क्षेत्रमा युवाको उपस्थित बढ्दै गएको छ। कोही उद्यमी नै भएका छन् भने कोही 'स्टार्ट-अप'का रुपमा प्रवेश गरेका छन्। 'डिजिटल' प्रविधि र नवीनतामा आधारित उद्यम व्यवसायलगायतका विविध क्षेत्रप्रति युवाको चासो र आकर्षण बढिरहेको छ। यसले देशमा केही गर्न सकिन्छ भन्ने सन्देश दिइरहेको छ। नेपाल तरुण दलका केन्द्रीय सदस्य दिल लामाले युवालाई स्वरोजगारमुखी कार्यक्रम ल्याउनुपर्ने बताउनुहुन्छ। "राज्यले युवालाई स्वरोजगारमुखी बनाउने नीति ल्याउनु पर्दछ। धेरै युवा मुलुकमा रोजगार नभए विदेसिन बाध्य भएका छन्," उहाँले भन्नुभयो, अहिले मुलुकमा भन्दा विदेशमा धेरै युवा देखिन्छन्। ती युवालाई स्वदेशमा नै उद्यमशील बनाउने नीति सरकाले ल्याउनु पर्दछ।"

उहाँले युवालाई नीति निर्माणको तहमा पुऱ्याउन नसक्दा अपेक्षाकृत सफलता हासिल हुन नसकेको बताउनुभयो। उहाँले आफ्नो सङ्गठन तरुण दलले युवालाई उद्यमशीलतर्फ अग्रसर गराइरहेको बताउनुभयो।

योङ्ग कम्युनिष्ट लिग (वाइसिएल)का अध्यक्ष पुष्प ओलीले युवालाई राज्य र समाजले हेर्ने दृष्टिकोणमा फरक आउनुपर्ने बताउनुहुन्छ। उहाँले नेपाल बस्ने युवा असफल हुन भनेर समाज र राज्यले भाष्य निर्माण गरेको हुनाले बदल्न आवश्यक रहेको बताउनुभयो। उहाँले वाइसिएलले युवालाई श्रम र उत्पादनसँग जोड्ने कार्यमा अभियान सञ्चालन गरेको जानकारी दिनुभयो।

### *युवासँग सम्बन्धित सरकारी निकाय*

सरकारले युवा विकास तथा परिचालनका लागि २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालय गठन गरेको थियो। यस्तै पहिलोपटक युवाको नेतृत्व तथा क्षमता विकास, उद्यमशीलताको विकास र स्वरोजगार, युवाको पहुँच र सहभागिताको सुनिश्चितसँगै समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यसहित २०७२ फागुनमा राष्ट्रिय युवा परिषद् गठन गरिएको थियो। युवालाई स्वरोजगार बनाउनका लागि 'युवा स्वरोजगार कोष' पनि स्थापना गरिएको छ।

साथै, राष्ट्रिय युवा नीति २०७२ र 'युथ भिजन २०२५' ले पनि युवा विकासका व्यापक विषयलाई नीतिगत रूपमा समावेश गरेको छ। यस्तै प्रदेश, जिल्ला र स्थानीय तहमा पनि युवाका संरचना तयार गरिएका छन्। प्रदेश युवा परिषद्, जिल्ला युवा समिति र युवा क्लब सञ्जाल गठन गरिएका छन्।

परिषद्का उपाध्यक्ष बस्नेत युवाको विकासका लागि लक्षित गरी बनेका ऐन र नीति कार्यान्वयन हुन नसकेको गुनासो गर्नुहुन्छ। उहाँले युवासँग सम्बन्धित नीति कार्यान्वयनका लागि बजेटको उपलब्धता अन्त्यन्तै सीमित भएकाले पनि कार्यान्वयनमा समस्या भएको बताउनुभयो। युवाका सवाललाई सम्बोधन गर्ने हेतुले संयुक्त राष्ट्र सङ्घले सन् १९९९ देखि हरेक वर्षको अगस्त १२ लाई अन्तरराष्ट्रिय युवा दिवसका रूपमा मनाउने निर्णय गरेसँगै सन् २००० देखि नियमित रूपमा विश्वभर युवा दिवसका सन्दर्भमा विविध कार्यक्रम हुँदै आएका छन्। नेपालमा भने युवासँग काम गर्ने सङ्घसङ्स्थाको अगुवाइमा सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो। परिषद्कै अगुवाइमा २०७३ सालदेखि युवा दिवस मनाउन थालिएको हो। युवाका कार्यक्रम छरिएर रहेका परिषद्का उपाध्यक्ष बस्नेत छरिएका युवाका लक्षित कार्यक्रमलाई एकीकृत ढङ्गले लैजान आवश्यक रहेको बताउनुहुन्छ। अहिले परिषद्को सदस्यका रुपमा आठवटा मन्त्रालय रहेका छन्। तर, ती मन्त्रालयका कामलाई एकीकृत गराउन नसकेको उहाँको भनाइ रहेको छ। "हामीले युवा लक्षित सबै कार्यक्रम एकद्वार प्रणालीअन्तर्गत परिषद्बाट गरौँ भनेर पटकपटक सरकारले ध्यानाकर्षण गरायौँ," उहाँले भन्नुभयो, "युवाका कार्यक्रम एकीकृत गर्न नसक्दा प्रभावकारी काम हुन सकेका छैनन्। सरकारले जतिसक्दो युवाका कामलाई एकीकृत गर्नुपर्दछ।"

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# विवाहमा बाजा बजाएर वार्षिक तीन लाख आम्दानी गर्दै पाल्पाका महिला



पाल्पा, २७ साउन । यहाँको तानसेन नगरपालिका-१० तेल्घाकी ६० वर्षीया तारादेवी बस्याललाई बाजा बजाउन भ्याइनभ्याइ छ । गाउँघरमा हुने विवाह, पूजालगायत शुभकार्य र मेला महोत्सवमा बस्यालको व्यस्तता बढेको हो ।

गाउँघरमा हुने विवाह, पूजा, कुलपूजा, व्रतबन्धलगायतका शुभकार्यमा बाजा बजाउने मानिस नभेटिँदा उहाँले तीन वर्षअघि गाउँकै दिदीबहिनी मिलेर नौमती, पञ्चैबाजा बजाउन सिक्नुभएको थियो । बाजा समूहकी अध्यक्षसमेत रहनुभएकी बस्यालले समूह गठन गरेर व्यावसायिक रूपमा आम्दानी लिन थालेको बताउनुहुन्छ । बाजा बजाउन सिकेपछि मौलिक संस्कृतिको संरक्षणसँगै गाउँघरमा विवाह, पूजालगायतका धार्मिक कार्यमा सहजतासँगै महिलाहरुको आम्दानीको स्रोत बनेको उहाँको भनाइ छ ।

बाजा बजाएरै वार्षिक प्रतिव्यक्ति रु तीन लाखसम्म आम्दानी हुने गरेको बस्यालले जानकारी दिनुभयो । घरधन्दाले मात्र जीवन बिताउन कठिन भएपछि गाउँका महिलाहरुले बाजा बजाउन सिकेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “हामीहरूले पञ्चैबाजा बजाउन नसिक्दा गाउँमा विवाह, पूजालगायतमा बाजा बजाउने मानिस नपाइने अवस्था थियो । टाढाबाट बाजा बजाउने मानिस ल्याउँदा खर्च बढी हुन्थ्यो । पछिल्लो समय गाउँघरमा हुने शुभकार्यमा सहज भएको छ ।” तीन वर्षअघि देखि बाहुन समुदायका महिलाहरु मिलेर बाजा बजाउँदै आएका हुन् । समूहले एउटा कार्यक्रमको रु १५ हजारदेखि ६० हजारसम्म पारिश्रमिक लिने गरेको समूहकी उपाध्यक्ष कमला बस्यालले बताउनुभयो । समूहमा मञ्जु पन्थी, मनकुमारी न्यौपाने, भगवती भुसाल, तारा भट्टराई, सुष्मा बस्याल, सविता अधिकारी, खुमा पँगेनी, मञ्जु कँडेल, मिरा न्यौपाने र निरला शर्मासहित १२ महिला आबद्ध छन् ।

पाल्पाका अधिकांश, कार्यक्रम, विवाह, महोत्सव, वार्षिकोत्सवदेखि मेला समारोहमा उनीहरुको माग छ । बाजा बजाउने महिलाहरुले एउटै पोसाक बनाएका छन् । उनीहरु धङ्खुरी कर्नाल, सनाई र मर्चुङ्गा, बजाउँछन् । उनीहरुले दमाहा, ढोलक, ट्याम्को र झ्याली बजाउँदा सबैलाई आकर्षित गर्ने गर्छ । उनीहरु गुल्मी र अर्घाखाँची, रुपन्देही र स्याङ्जासम्म बाजा बजाउन पुग्छन् । “बाजा बजाउँदा सबैले हौसला मात्रै दिनुभएको छैन, आम्दानी पनि राम्रै भएको छ,” समूहकी उपाध्यक्ष बस्यालले भन्नुभयो । त्यसैगरी, रिब्दीकोट गाउँपालिका-३ का महिलाहरुले पनि पञ्जैबाजा बजाउने तालिम लिएर विवाह, व्रतबन्धलगायत धार्मिक उत्सव र सभासमारोहमा आफ्नो सीप देखाउन थालेका छन् ।

आदिवासी जनजाति समूहकी संयोजक अरुणा छहारीले पञ्चैबाजाको संरक्षण, परम्पराको जगेर्नासँगै आयआर्जनमा सहयोग पुग्ने भएकाले गाउँपालिका र वडाको सहयोगमा बाजा बजाउन सिकेको बताउनुभयो । समूहमा ४० देखि ५५ वर्षसम्मका १६ महिला आबद्ध छन् । “गाउँमा बाजा बजाउने युवा नहुँदा छिमेकी गाउँबाट बोलाउनुपर्ने थियो, छिमेकी गाउँबाट बाजा बजाउने जनशक्ति नआए संस्कार नै लोप हुने अवस्था आएपछि महिलाहरूले बाजा बजाउन सिकेर आम्दानी गर्न थालेका छौँ”, उहाँले भन्नुभयो ।

यहाँका महिलाले व्यावसायिक रूपमा बाजा बजाउन थालेको वडाध्यक्ष नारायणबहादुर केसीले बताउनुभयो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिप्रसाद खनालका अनुसार गत वर्ष गाउँपालिकाबाट वडामा विनियोजन गरेको रु ५० हजार बजेटले बाजा खरिद गरिएकामा यस वर्ष रु ५० हजार बजेट विनियोजन गरी बाजा बजाउन सिकाइएको हो । रासस

# ‘बलात्कारमा संलग्नलाई जन्मकैदको सजाय व्यवस्था गरौँ’

दैनिक समाचारदाता

काठमाडौँ, २७ साउन । सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद हर्कमाया विश्वकर्माले बलत्कारमा संलग्नलाई जन्मकैदको कानुन बनाउन संसद्को ध्यानाकर्षण गराउनुभएको छ । प्रतिनिधिसभाको आजको बैठकको आकस्मिक समयमा उहाँले विद्यमान कानुन संशोधन गरेर त्यस्ता अपराधमा संलग्नलाई कडा सजायको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

“जघन्य अपराधमा संलग्न हुनेलाई थप कानुन परिमार्जन गरी जन्मकैदको सजाय दिलाउन कडा कानुन बनाउन माग गर्दछु”, सांसद विश्वकर्माले भन्नुभयो । उहाँले दैलेखको चामुण्डा नगरपालिकामा तीज पर्वका अवसरमा आयोजित साङ्गीतिक कार्यक्रम हेरेर घर फर्कने क्रममा १३ वर्षीया बालिकामाथि भएको बलात्कारको घटनामा संलग्नलाई कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कांग्रेसका सांसद नारायणप्रकाश साउँदले शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्ष पीडितको समस्या समाधानमा राज्यले करोडौँ रुपैयाँ खर्च गरे पनि अझै सो समस्या सम्बोधन नभएको उल्लेख गर्दै पीडितका समस्या हल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद रुपाशोशी चौधरीले कैलाली जिल्ला कारागारमा भएको लज्जास्पद घटनाको निष्पक्ष छानबिन गरी कारागार व्यवस्थापनलाई चुस्त बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । “सुरक्षा निकायको घेरामा रहने बन्दीले झडप गर्दा किन कारागारा प्रशासन मौन बस्यो ?”, उहाँले प्रश्न गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद मेटमणि चौधरीले तराई मधेसको रुपान्तरणकारी आयोजनाका रुपमा रहेको हुलाकी राजमार्गको बाँकी काम शीघ्र सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । कांग्रेस सांसद सञ्जय गौतम र सांसद मैना कार्कीले भारतको उत्तराखण्ड क्षेत्रमा गएको बाढीपहिरोमा परी बेपत्ता भएका नागरिकको खोजीमा गम्भीर बन्न सरकारको ध्यानार्षण गराउँदै पीडित परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्नुभयो ।

नेकपा (माओवादी केन्द्र) का सांसद हितबहादुर तामाङले मनसुनी वर्षाका कारण नुवाकोटको सूर्यगढी गाउँपालिकाको १२८ घर परिवार जोखिममा परेको जानकारी दिँदै सो क्षेत्रमा रहेका स्थानीयलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न माग गर्नुभयो । माओवादी केन्द्रका सांसद माधव सापकोटाले सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-२ कोदारीस्थित ‘इको पहिरो’ले अरनिको राजमार्ग अवरुद्ध हुनाका साथै १२ घर र एउटा गुम्बा उच्च जोखिममा परेको उल्लेख गर्दै पहिरो रोक्न र बस्ती जोगाउन सरकारले उचित कदम चालोस् भन्नुभयो ।

नेकपा (एकीकृत समाजवादी) का सांसद प्रकाश ज्वालाले सल्यानको छत्रेश्वरी गाउँपालिकामा महायज्ञ तयारी बैठकमा दलित र जनजातिमाथि अपमान गरिएको तथा त्यसको प्रतिवाद गर्ने सामाजिक अभियान्ता शारदा परियारलाई सामाजिक बहिष्कार गर्ने धम्की दिनेलाई तत्काल कारबाही गर्न माग गर्नुभयो ।

माओवादी केन्द्रका सांसद उर्मिला माझीले लमजुङमा सञ्चालित जलविद्युत् आयोजनाबाट सञ्चालक ‘मालामाल’ हुने र जनता गरिबीको मारमा बसिरहनुपर्ने अवस्थाको अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । माओवादी केन्द्रका सांसद सूर्यमान दोङले काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-२ का वडाध्यक्ष र वडा सदस्य मिलेर स्थानीय युवामाथि कुटपिट गरेको घटनाको छानबिन गर्न आग्रह गर्नुभयो ।

# विश्व हात्ती दिवस : बासस्थान अतिक्रमणले मानव-हात्ती द्वन्द्व बढ्दो

काठमाडौँ, २७ साउन । हात्ती संरक्षण गर्ने उद्देश्यका साथ अगस्त १२ तारिखमा विश्वभर हात्ती दिवस मनाइन्छ । नेपालमा पनि विभिन्न कार्यक्रम गरी हात्ती दिवस मनाइने गरेको छ । पछिल्लो समय खासगरी पूर्वी तराई क्षेत्रमा विविध कारणले मानव-हात्ती द्वन्द्व बढ्दो छ ।

हात्तीको बासस्थानको अतिक्रमणका कारण हात्ती मानव बस्तीमा पस्दा मानवीय, कृषि पशु तथा बाली र घरगोठमा क्षति हुने क्रम बढेको छ । बढ्दो मानव-हात्ती द्वन्द्व र कतिपय स्थानमा मानव बस्ती सुरक्षाका लागि भनेर राखिएका तारबाट करेन्ट लागेर हात्ती मर्ने गरेका छन् । त्यस्तै बासस्थानको क्षयीकरण र अतिक्रमण, हात्तीमार्गमा मानवबस्ती विस्तार, पूर्वाधार विकास निर्माणका कारण चोरी-सिकारी मुख्य चुनौती देखिएका छन् ।

सन् २००० देखि हालसम्म हात्तीको आक्रमणबाट नेपालमा ३४५ जनाको मृत्यु भएको छ भने मानिसको आक्रमणबाट तथा करेन्ट लागेर ५५ हात्ती मरेका छन् । यसबाहेक हरेक वर्ष हात्तीबाट हुने कृषि पशु तथा बाली र घरगोठको क्षतिको परिणाम ठूलो छ । हात्तीको क्षतिबाट खासगरी वन जङ्गल नजिक बस्ने गरिब समुदाय बढी प्रभावित हुने गरेका छन् ।

न्यूनीकरणका लागि वन तथा वातावरण मन्त्रालयले प्रभावकारी परियोजना निर्माण गरी कार्यान्वयन गर्न लागेको जनाएको छ । त्यसका लागि साझा धारणा बनाउन मन्त्रालयले सम्बन्धित विकास साझेदार संस्थासँग अन्तरक्रिया गरी सुझाव सङ्कलन गरिसकेको मन्त्रालयका प्रवक्ता शिवकुमार वाग्लेले बताउनुभयो । साझेदार संस्थाको सहयोग र समन्वयमा आधुनिक प्रविधिका साथ स्थानीय सहभागितामा परियोजना बनाई तत्काल कार्यान्वयन गरिने उहाँको भनाइ छ ।

“मन्त्रालयले मानव-हात्ती द्वन्द्व न्यूनीकरणका लागि हालसम्म क्षति पुर्‍याउने हात्तीलाई सुरक्षित स्थानमा प्रवेश गराउने, उद्धार र उपचार, क्षतिका लागि राहतको व्यवस्था, सचेतना कार्यक्रम, फेन्सिङ तारबार, मृतकका परिवारलाई रोजगार तथा छात्रवृत्ति, वैकल्पिक खेतीको प्रोत्साहनलगायत काम गर्दै आएको छ”, प्रवक्ता वाग्लेले भन्नुभयो ।

यसको समाधानका लागि शिक्षा र चेतनाका साथै स्थानीय जनताले वैकल्पिक खेतीका बारेमा समेत सोच्नुपर्नेमा विज्ञहरुको सुझाव छ । राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव एवं हात्तीविज्ञ डा नरेश सुवेदीले प्रभावित क्षेत्रका मानिसमा बदलाको भावना कम गर्न राहतसम्बन्धी निर्देशिकालाई सरल बनाउनु अपरिहार्य रहेको धारणा व्यक्त गर्नुभयो ।



हात्ती द्वन्द्व भएका क्षेत्रमा हात्तीप्रति सकारात्मक व्यवहार बनाउन सके दुई तिहाइ द्वन्द्व न्यूनीकरण हुने उल्लेख गर्दै उहाँले भन्नुभयो, “यस्तो द्वन्द्व घटाउन हात्ती हिँड्ने कोरिडोर संरक्षण गर्नु आवश्यक छ । हात्तीको द्वन्द्व हुने स्थानमा तत्काल सम्बोधन गर्ने संयन्त्र गठन गर्नु पनि आवश्यक छ ।” सचेतनामार्फत स्थानीयको व्यवहार प्रतिवर्तन गर्न सके मात्र पनि हात्तीका कारण हुने मानवीय क्षति ७० प्रतिशतसम्म कम गर्न सकिने उहाँको धारणा छ ।

पछिल्लो तथ्याङ्कनुसार नेपालमा २३० जङ्गली हात्ती र सरकारी तथा निजी रुपमा पालिएका १८० हात्ती रहेका छन् । यस्तै, भारतबाट ‘सिजन’मा थप जङ्गली हात्ती आउने र केही समय बसेर जाने गरेका छन् ।

विश्व वन्यजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले भारतीय सीमाबाट आउने हात्तीका कारण पनि क्षति हुने गरेको उल्लेख गर्दै यस सम्बन्धमा भारतसँग समन्वय गरी काम गर्नुपर्ने सुझाव दिनुभयो । हात्तीको आक्रमणबाट बच्न पछिल्लो समय सुरु गरिएको फेन्सिङ तार प्रविधि प्रभावकारी बनेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “स्थलमा खटिने कर्मचारीलाई स्रोत र सवारीसाधनले चुस्त बनाउनुपर्छ । हात्तीको रुट पहिचान गरी सो क्षेत्रमा हुने मानवीय क्षति कम गर्न सकिन्छ ।”

मानव-हात्ती द्वन्द्वबाट हुने क्षतिको अवस्था हेर्दा संरक्षण क्षेत्रभित्र र बाहिर बराबरी देखिन्छ भने मुख्य भित्री क्षेत्रमा खासै क्षति भएको देखिँदैन । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले मानव-हात्ती नेपालका पूर्वी तराई क्षेत्रमा भाले हात्तीको सङ्ख्या धेरै भएकाले तुलनात्मक बढी क्षति हुने गरेको बताउनुभयो । बर्दिया क्षेत्रमा पोथी हात्तीको सङ्ख्या धेरै भएकाले तुलनात्मक कम क्षति हुने गरेको उहाँको भनाइ थियो ।

नेपालमा जङ्गली हात्तीका लागि उपयुक्त आवास क्षेत्र १२ हजार वर्ग किलोमिटर (तराईको उत्तरी भाग, भवर, चुरे क्षेत्रको केही भाग र भित्री तराईको केही भाग) रहेको छ । यसअन्तर्गत ६ संरक्षण क्षेत्र (पाँच राष्ट्रिय निकुञ्ज, एक वन्यजन्तु आरक्ष) रहेको वरिष्ठ इकोलोजिष्ट आचार्यले जानकारी दिनुभयो । तराईमा २३० जङ्गली हात्तीले नेपालको कुल जनसङ्ख्याको ५२ प्रतिशत (करिब एक करोड ५० लाख) मानिसहरूसँग एउटै आवास क्षेत्र साझा गर्छन् ।

हात्तीकै विषयमा विद्यावारिधि गर्नुभएका बर्दिया राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा अशोक रामका अनुसार तराईका रूपन्देही र पश्चिमी नवलपरासीबाहेक सबै जिल्लामा हात्ती पाइन्छ । “परापूर्वकालदेखि नै हात्तीको ओहोरदोहर गर्ने हात्तीमार्गमा हाल बस्ती र खेती भएकाले त्यस्ता स्थानमा बेलाबेलामा हात्तीसँग मानिसको द्वन्द्व हुने गरेको छ । साथै मानिस र हात्तीले एउटै बासस्थान र आहार प्रयोग गर्ने गरेकाले पनि यो समस्या देखिएको हो”, डा रामले भन्नुभयो । बासस्थान विनाश हुनु र खण्डीकरण हुनु मानव-हात्ती द्वन्द्वको मुख्य कारण बनेको उहाँको भनाइ छ । विश्वमा दुई प्रजातिका हात्ती पाइन्छन् । एसियाली र अफ्रिकी हात्ती । एसियाली हात्ती नेपाल, भारत, भूटानलगायत १३ राष्ट्रमा पाइन्छन् । तिनको सङ्ख्या हाल करिब ५० हजारको हाराहारीमा रहेको बताइन्छ । विश्व संरक्षण सङ्घले हात्तीलाई सङ्कटापन्न प्रजातिको सूचीमा राखेको छ । नेपालले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत हात्तीलाई अनुसूची-१ मा राखेर यसको संरक्षणमा विशेष ध्यान दिएको छ । रासस

# महिला उद्यमशीलताको नेतृत्व सरकारले लिनुपर्छ : अध्यक्ष प्रचण्ड

दैनिक समाचारदाता
भक्तपुर, २७ साउन । नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले महिलाको उद्यमशीलता र पेशागत सीप विकासका अभियानमा सरकारले सक्रिय नेतृत्व लिनुपर्ने बताएका छन् ।

भक्तपुरको थिमी ब्याङ्क्वेटमा युथ इको नेपालले आयोजना गरेको एसिया लार्जेस्ट मेकअप वर्कसपको समापन सत्रमा बोल्दै उनले महिलाको उद्यमशीलता र पेशागत सीप विकासका लागि सरकारले नेतृत्व लिन आवश्यक रहेको बताएका हुन् ।



उनले भने, 'म यो कार्यक्रम र महिला दिदीबहिनीको सहभागिता देखेर प्रभावित भएको छु । यस किसिमको काममा सरकारले नेतृत्व लिन आवश्यक छ। म पूर्वप्रधानमन्त्रीको हैसियतले पनि त्यसका निम्ति पहल गर्ने प्रतिबद्धता जनाउँछु ।'

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा आयोजित कार्यक्रममा उनले सहभागी युवा महिलाहरूको लगन, मिहिनेत र उत्साहप्रति खुसी व्यक्त गरे ।

कार्यक्रममा सहभागी युवा महिलाहरूलाई प्रतीकात्मक रूपमा 'बन्दुकविहीन महिलाहरूको सेना'सँग तुलना गर्दै यस्तो कदमले देशभरका महिलालाई प्रेरणा दिने विश्वास व्यक्त गर्दै उनले भने, 'हामीले सरकारमा रहदा युवा उद्यमशीलताको विशेष कदम चाल्दै आएका छौं ।

जनयुद्धमा पनि हामी महिलामाथि हुने विभेदका विरुद्ध विद्रोह गर्यौं र त्यसमा महिलाहरूले उत्साहपूर्ण सहभागिता भयो । अहिले मेकअप वर्कसपमा सहभागी तपाइँहरूको उत्साहले मलाई तपाईहरू बन्दुकविहीन महिला सेनाको रूपमा हेरेको छु । तपाईहरूबाट देश भरका महिला दिदिबहिनिहरूले प्रेरणा लिनुहुनेछ भन्ने विश्वास व्यक्त गर्न चाहान्छु ।'

मेकअप वर्कसपमा देशभरिबाट २,१३१ जना सहभागी भई एकदिने मेकअप तालिम लिएका छन् । कार्यक्रमले 'एसिया लार्जेस्ट मेकअप वर्कसप' रेकर्ड समेत राखेको छ । सो अवसरमा अध्यक्ष प्रचण्डले 'एसिया लार्जेस्ट मेकअप वर्कसप' को प्रमाणपत्र आयोजक लाई हस्तान्तरण गरे ।

## मुकुल ढकालको रिट सर्वोच्चबाट खारेज

दैनिक समाचारदाता
काठमाडौं, २७ साउन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का पूर्व महामन्त्री डा. मुकुल ढकाल पूर्ववत् जिम्मेवारीमा फर्कन माग गर्दै दायर गरेको रिट खारेज भएको छ ।



सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र सुनिल कुमार पोखरेलको संयुक्त इजलासले ढकालको रिट खारेज गर्दै निर्देशनात्मक आदेश जारी गरेको हो ।

ढकालले अदालतमा पेश गरेको रिटमा दुवै पक्षलाई छलफलका लागि बोलाउन आदेश दिइएको थियो ।

निर्वाचन आयोगको पत्रको आधारमा ढकाल अदालत गएका थिए ।

## 'प्रेस स्वतन्त्रता कुण्ठित हुनेगरी मिडिया काउन्सिल विधेयक ल्याउनुहुँदैन'

दैनिक समाचारदाता
काठमाडौं, २७ साउन । राष्ट्रियसभामा सांसदहरूले प्रेस स्वतन्त्रता कुण्ठित हुने गरी मिडिया काउन्सिल विधेयक ल्याउन नहुने बताउनुभएको छ ।

सभाको आजको बैठकमा सांसद सावित्री मल्लले प्रेस स्वतन्त्रता कुण्ठित गर्ने र प्रेसलाई नियन्त्रण गर्नेगरी ल्याउन लागिएको मिडिया काउन्सिल विधेयकलाई मिडियामैत्री हुने गरी अघि बढाउनुपर्ने माग गर्नुभयो । उहाँले भ्रष्टाचार, बलात्कार, मानव बेचबिखनजस्ता अपराध गर्ने अपराधिलाई आममाफी दिने गरी मुलुकी अपराध संहिता संशोधन गर्न लागेकाले यो प्रक्रिया तत्काल रोक्नुपर्ने बताउनुभयो ।

सांसद मल्लले बहुविवाहलाई मान्यता दिने गरी कानुन संशोधन गर्न लागिएको प्रक्रियता पनि तत्काल रोक्नुपर्ने माग गर्नुभयो । उहाँले निजामती कर्मचारी सेवा विधेयकमा 'कुलिङ पिरियड' हटाउन भएको छलछाम छानबिन गर्न गठित संसदीय समितिले दिएको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने माग पनि गर्नुभयो ।

सांसद विष्णुबहादुर विश्वकर्माले देशैभरि जातीय भेदभाव तथा छुवाछूतका घटना बढ्दै गएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले भन्नुभयो, "यही साउन २२ गते राति दैलेख जिल्लास्थित चामुण्डाविन्द्रसैनी नगरपालिका-८ का २२ वर्षीय गोविन्द शाही र २५ वर्षीय खगी भण्डारीले सोही निवासी १२ वर्षीया एक दलित बालिकालाई ढुङ्गाले हिर्काएर, लडाएर, सामूहिक बलात्कार गरेको घटना बाहिर आएको छ । यस्तो अपराध गर्ने अपराधीलाई कानुनबमोजिम कडाभन्दा कडा कारबाहीको माग गर्दछु ।"

सांसद विश्वकर्माले साउन २५ गते डडेलधुरा जिल्लाको परशुराम नगरपालिका-८ का जननिर्वाचित वडाध्यक्ष दिनेशप्रसाद जोशीले सोही गाउँ निवासी लोकेन्द्र लोहारलाई बाटोमा हिँडिरहेको अवस्थामा कुटपिट गरिएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । हाल पीडितले इलाका प्रहरी कार्यालयमा निवेदन दर्ता गर्न जाँदा सुनुवाइ नभएको उहाँको भनाइ छ । सांसद श्रीकृष्णप्रसाद अधिकारीले उखु किसानको भुक्तानी गर्न सरकारसँग माग गर्नुभयो । उहाँले चाडपर्व आउन लागेकाले बजारमा हुने गलत कार्य रोक्न र सडकमा सहज आवागमनको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

# डुबेर दुई बालकको मृत्यु

दैनिक समाचारदाता
वीरगञ्ज (पर्सा), २७ साउनः ठोरी गाउँपालिका-२ मा अवस्थित ढँडुखोलामा डुबेर दुई बालकको मृत्यु भएको छ ।

ठोरी-२ ढँडुखोलाका मनोज कठायतका आठ वर्षीय छोरा अंश कठायत र चार वर्षीय छोरा आयांस कठायतको आज बिहान १० बजेको आसपासमा खोलामा नुहाउने क्रममा अचानक डुबेर मृत्यु भएको पर्सा प्रहरीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जानकारी दिनुभयो ।

"ढँडुखोलामा नुहाउने क्रममा दुई बालक अचानक डुबेर पानी माथि तैरिरहनेको अवस्थामा स्थानीयले उद्धार गरेर स्वास्थ्यचौकी ठोरीमा पुर्‍याउनुभएको थियो", उहाँले भन्नुभयो, "स्वास्थ्यकर्मीले स्वास्थ्य जाँच गर्दा दुवै बालकको मृत्यु भएको जानकारी प्राप्त भएको छ ।"

पर्सा प्रहरीका सूचना अधिकारी लम्सालले आवश्यक मुचल्का तयार पारेर मृतक बालकको शवलाई पोष्टमार्टमका लागि नारायणी अस्पताल ल्याइएको जानकारी दिनुभयो ।

## मल, बीउ र सिँचाइको व्यवस्था गर्न अनुरोध



दैनिक समाचारदाता
काठमाडौं, २७ साउन । राष्ट्रियसभामा सासंदहरुले किसानलाई मल, बीउ र सिँचाइको व्यवस्था गर्न सरकारसँग अनुरोध गर्नुभएको छ ।

आजको बैठकको शून्य समयमा उहाँहरूले मलखाद र बीउबिजनका अभावमा किसान पिरोलिनुपर्ने अवस्थाको अन्त्य गर्नेतर्फ सरकार लाग्नुपर्नेमा जोड दिनुभयो ।

सांसदहरू पूजा चौधरी, रेनु चन्द र विष्णुकुमारी सापकोटाले खडेरीले समयमा रोपाइँ गर्न नपाएका किसानलाई मल र बीउका निम्ति भौँतारिनु नपर्ने व्यवस्था सरकारबाट हुनुपर्ने बताउनुभयो ।

युवा वर्गलाई स्वदेशमा नै रोजगारीका अवसर उपलब्ध गराउनेतर्फ सरकार गम्भीर हुनुपर्नेमा जोड दिँदै उहाँहरूले कृषि क्षेत्र रोजगारी प्रमुख स्रोत भएकाले आधुनिक कृषि प्रणाली र व्यावसायिक खेतीलाई प्राथमिकता दिनुपर्छ भन्नुभयो ।

## 'बलात्कारमा संलग्नलाई जन्मकैदको सजाय व्यवस्था गरौं'

दैनिक समाचारदाता
काठमाडौं, २७ साउन । सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद हर्कमाया विश्वकर्माले बलत्कारमा संलग्नलाई जन्मकैदको कानुन बनाउन संसद्को ध्यानाकर्षण गराउनुभएको छ । प्रतिनिधिसभाको आजको बैठकको आकस्मिक समयमा उहाँले विद्यमान कानुन संशोधन गरेर त्यस्ता अपराधमा संलग्नलाई कडा सजायको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

"जघन्य अपराधमा संलग्न हुनेलाई थप कानुन परिमार्जन गरी जन्मकैदको सजाय दिलाउन कडा कानुन बनाउन माग गर्दछु", सांसद विश्वकर्माले भन्नुभयो । उहाँले दैलेखको चामुण्डा नगरपालिकामा तीज पर्वका अवसरमा आयोजित साङ्गीतिक कार्यक्रम हेरेर घर फर्कने क्रममा १३ वर्षीया बालिकामाथि भएको बलात्कारको घटनामा संलग्नलाई कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कांग्रेसका सांसद नारायणप्रकाश साउँदले शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्ष पीडितको समस्या समाधानमा राज्यले करोडौँ रुपैयाँ खर्च गरे पनि अझै सो समस्या सम्बोधन नभएको उल्लेख गर्दै पीडितका समस्या हल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद रुपाशोशी चौधरीले कैलाली जिल्ला कारागारमा भएको लज्जास्पद घटनाको निष्पक्ष छानबिन गरी कारागार व्यवस्थापनलाई चुस्त बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । "सुरक्षा निकायको घेरामा रहने बन्दीले झडप गर्दा किन कारागारा प्रशासन मौन बस्यो ?", उहाँले प्रश्न गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद मेटमणि चौधरीले तराई मधेसको रुपान्तरणकारी आयोजनाका रुपमा रहेको हुलाकी राजमार्गको बाँकी काम शीघ्र सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । कांग्रेस सांसद सञ्जय गौतम र सांसद मैना कार्कीले भारतको उत्तराखण्ड क्षेत्रमा गएको बाढीपहिरोमा परी बेपत्ता भएका नागरिकको खोजीमा गम्भीर बन्न सरकारको ध्यानार्षण गराउँदै पीडित परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न माग गर्नुभयो ।

नेकपा (माओवादी केन्द्र) का सांसद हितबहादुर तामाङले मनसुनी वर्षाका कारण नुवाकोटको सूर्यगढी गाउँपालिकाको १२८ घर परिवार जोखिममा परेको जानकारी दिँदै सो क्षेत्रमा रहेका स्थानीयलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न माग गर्नुभयो । माओवादी केन्द्रका सांसद माधव सापकोटाले सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-२ कोदारीस्थित 'इको पहिरो'ले अरनिको राजमार्ग अवरुद्ध हुनाका साथै १२ घर र एउटा गुम्बा उच्च जोखिममा परेको उल्लेख गर्दै पहिरो रोक्न र बस्ती जोगाउन सरकारले उचित कदम चालोस् भन्नुभयो ।

नेकपा (एकीकृत समाजवादी) का सांसद प्रकाश ज्वालाले सल्यानको छत्रेश्वरी गाउँपालिकामा महायज्ञ तयारी बैठकमा दलित र जनजातिमाथि अपमान गरिएको तथा त्यसको प्रतिवाद गर्ने सामाजिक अभियान्ता शारदा परियारलाई सामाजिक बहिष्कार गर्ने धम्की दिनेलाई तत्काल कारबाही गर्न माग गर्नुभयो ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४